स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



भारतमा यस वर्षको ठूलो रिलिज मानिएको अभिनेता अल्लू अर्जुन अभिनीत साउथ फिल्म 'पुष्पा २ : द रुल'ले अबको चार दिनमा बक्स अफिसमा आफ्नो राज सुरु गर्दैछ । 'स्योर सट' ब्लकबस्टर मानिएको फिल्मको क्रेजलाई मध्यनजर गर्दै शनिबारबाट भारतमा हिन्दी र अन्य भाषामा एड्भान्स बुकिङ खुला भइसकेको छ। र, २४ घण्टामै ठूलो मात्रामा टिकट बिक्री भएको छ। अन्य भाषाको समेत गरेर २४ घण्टामा फिल्मको साढे २ लाख टिकट बिक्री भएको जनाइएको छ।

**आजको विचार...**



बालबालिकामा...
(दुई पेजमा)

डा. पुष्पराज पन्त



कमेडी कथावस्तुमा निर्माण हुने फिल्म 'जन्ते बाख्र' को छायाँन पुसबाट सुरु हुने भएको छ। फिल्मको छायाँन पुस १ बाट थाल्ने तयारी गरेको निर्माता युनिटले जनाएको छ। सिमोस सुनुवारको निर्देशन रहने फिल्म मुईन इन्टरटेनमेन्टको प्रस्तुतिमा निर्माण हुन लागेको हो। फिल्मका लेखक प्रदीप भारद्वाज रहेका छन्। फिल्मका लागि कलाकारको रूपमा अभिनेताद्वय सौगात मल्ल केही अगाडि अनुबन्धित भएका थिए भने अहिले गरिमा शर्मा भित्रिएकी छन्।

❒ वर्ष ३० ❒ अंक १३० ❒ २०८१ मंसिर १८ गते मंगलबार 3 December 2024, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### फुटबल खेल मैदानमा भागदौड मच्चिँदा ५६ को मृत्यु

(रासस/एएफपी)

**कोनाक्री,** मंसिर १७/गिनीको दोस्रो ठूलो शहर एन'जेरेकोरमा एक फुटबल खेलमा भागदौड मच्चिँदा ५६ जनाको मृत्यु भएको गिनीको जुन्ता नियन्त्रित सरकारले सोमबार जानकारी दिएको छ । 'रेफ्रीको निर्णयप्रति असन्तोष व्यक्त गर्दै समर्थकहरूबीच विवाद पछि भएको झडपपछि आइतबारको खेलमा घातक भागदौड मच्चिएको थियो,' राष्ट्रिय टेलिभिजनले सरकारद्वारा जारी एक विज्ञप्तिलाई उद्धृत गरी लेखेको छ ।'एनजेरेकोरको अस्पतालहरूले दिएको जानकारी अनुसार अहिलेसम्म मृत्यु हुनेको सङ्ख्या ५६ पुगेको छ,' विज्ञप्तिमा भनिएको छ । प्रधानमन्त्री अमादोउ ओरी बाहले फेसबुकमा एक पोस्ट लेख्दै लाबे र एनजेरेकोरको टोलीबीचको खेलमा खलल पुऱ्याउने घटनाको निन्दा गरेका छन् । उनले भने, 'सरकारले घटनाको अनुसन्धान गरिरहेको छ । घाइतेहरूको उपचार र अन्य सहयोगमा बाधा नपुगोस् भन्नेमा पूर्णरूपमा सजक छ । सरकार सबै नागरिकलाई शान्तिका लागि संयमता अपनाउन आह्वान गर्दछ ।'

## दासप्रथा

# कागजमा मुक्त, व्यवहारमा कायमै

**रामचन्द्र रायमाझी**

**पाल्पा,** मंसिर १७/नेपालमा वि.सं. १९८३ मा दास प्रथा उन्मूलनको घोषणा भए पनि विभिन्न स्वरूपमा दासता प्रथा अझै कायमै छ । दासदासी, कमाराकमारी मात्रै होइन, हरूवा, चरुवा, हलिया र कमैया राख्ने सामन्ती प्रथाकै विरुद्ध लोकतान्त्रिक आन्दोलन भएको थियो । तर, मुलुकमा दासप्रथाको अवशेष अझै छ । विभिन्न अवतारमा दासप्रथा जीवित छ । धनीमानी मानिसहरू घरमा काम गर्ने घरेलु कामदार राख्छन्, अनि दासप्रथाकै झझल्को दिने व्यवहार गर्छन् । कलकारखाना र उद्योगधन्दामा अझै पनि बालश्रमिक भेटिएका उदाहरण बेलाबेला सार्वजनिक हुन्छ ।

विभिन्न अन्तर्राष्ट्रिय अध्ययन प्रतिवेदन र संस्थागत प्रतिवेदनका अनुसार नेपालमा करिब एक प्रतिशत मानिस अझै आधुनिक दासत्वको पीडा भोगिरहेका छन् । यसले प्रत्यक्ष रूपमा



७० हजार परिवारलाई मर्कामा परेका छन् । नेपाल केन्द्रीय तथ्याङ्क विभागको २०२१ को राष्ट्रिय तथ्याङ्कलाई आधार मानेर नेपालमा पाँचदेखि १७ वर्ष उमेर समूहका ७० लाख बालबालिकामध्ये ११ लाख (१५.३%) बालबालिका बालश्रमको सिकार छन् । सार्वजनिक यातायात, चमेना गृह, खाजा पसल, इँटा भट्टा, घरेलु र प्याकेजिङ क्षेत्रको काममा बालश्रमिकमाथि ज्यादतीपूर्ण घटना भइरहेका छन् । यस्तै, २०७० साल असार १३ गते सरकारले देशलाई कम्लरी मुक्तिको घोषणा गऱ्यो तर पनि मुक्तकम्लरीले दासत्वबाट मुक्ति पाएको अनुभूति गर्न नसकेको जानकारहरू बताउँछन् । देशभर १२ हजार सात सय ६९ पूर्वकम्लरी छन् । हालसम्म पनि सरकारले उनीहरूको उचित पुन:स्थापना गर्न सकेको छैन् । राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन २०७९ अनुसार मानव बेचबिखनलाई आधुनिक युगको दास प्रथाको रूपमा स्वीकार गरिएको छ । अन्तर्राष्ट्रिय श्रम संगठन र वाक फ्रि फाउण्डेसनले अन्तर्राष्ट्रिय आप्रवासन संगठनसँगको सहकार्यमा सन् २०१७ मा गरेको अध्ययनमा विश्वमा चार करोड मानिस आधुनिक दास प्रथाको शिकार भएका छन् । प्रतिवेदनले विश्वका प्रत्येक एक हजार व्यक्तिमा चार दशमलव पाँच जना आधुनिक दासतामा बाँच्न बाध्य छन् । यस्ता व्यक्तिमध्ये पाँच दशमलव नौ वयस्क र चार दशमलव चार बालबालिका आधुनिक दासताको शिकार भएका छन् । कुल पीडितमध्ये ७१ प्रतिशत महिला तथा बालिका रहेको जनाइएको छ । यसले मानव बेखबिखनमा सबैभन्दा प्रभावित महिला तथा बालिका भएको पुष्टि गर्दछ । नेपालमा सबै प्रकारका दासप्रथामा आधारित क्रियाकलाप वर्जित छन् । तर पनि विभिन्न स्वरूपका अवशेष अझै कायमै रहेको मानवअधिकारकर्मी केदार गौतम बताउँछन् । उनी भन्छन् 'काजगमा मुक्त भए पनि व्यवहारमा अझै कायमै छ । हाम्रो देशमा दासत्व हटेको छैन, बरु नयाँ नयाँ स्वरुपका दासप्रथा थपिएका छन् ।' मुलुकमा दास प्रथा उन्मूलनको घोषणा गरिए पनि पुन:स्थापनाका काम अगाडि बढेका छैनन् । सदियौंदेखि दासत्वको पीडामा आम नागरिक पिल्सिनु परेको छ ।

## मानवअधिकारको सम्मान गरौं

- मानवअधिकार प्रकृतिप्रदत्त, जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानवअधिकार व्यक्तिको जीवन, स्वतन्त्रता, मर्यादा र समानतासँग सम्बन्धित छ,
- मानवअधिकार देशको संविधान, कानून र अन्तराष्ट्रिय सन्धिद्धारा प्रदत्त अधिकार हुन्,
- मानवअधिकार उल्लंघन नगरौं, सबैको मानवअधिकारको सम्मान गरौं, मानवअधिकारको उल्लंघन भए गरेको पाइएमा राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मानसिक समस्याको उपचार ध्यान : प्रदेश सांसद श्रेष्ठ

**पाल्पा,** मंसिर १७/लुम्बिनी प्रदेशका सांसद एंव अर्थ उद्योग तथा पर्यटन विकास समितिका संयोजक राजु प्रसाद श्रेष्ठले मानसिक समस्याको उपचार ध्यान भएको बताएको छन् । रामपुर नगरपालिकाको आयोजनामा भएको सकारात्मक सौंच र स्वस्थ जीवनका लागि जीवन र जगत सम्बन्धी २ दिने मेडिटेशन मोटिभेशन कार्यक्रमलाई सम्बोधन गर्दै सांसद श्रेष्ठले यस्तो बताएका हुन् ।

उनले मानसिक समस्या र सकारात्मक सौंचको कमीका कारण हरेक क्षेत्रमा वितृष्णा पैदा भई रहेको भन्दै नेपालको परिवेशमा आध्यात्मिक ज्ञान महत्वपूर्ण रहेको उल्लेख गरे । उनले मानसिक समस्याको उपचार विधि नै ध्यान र धैर्यता रहेको बताए । सांसद श्रेष्ठले २ दिनको अवधिमा जीवन परिवर्तनका लागि सिकेका कुरालाई व्यवहारमा उतार्न सके त्यसले स्वत: परिणाम दिने भन्दै जीवन र समाज सुधारसँगै परिवर्तनका लागि आफैबाट शुरुवात गर्न आग्रह गरे । रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले साधनाको माध्यमबाट मानिसको




जीवन पद्धतिलाई परिवर्तन गर्न सकिने बताए । सकारात्मक उर्जा प्राप्तिका लागि आध्यात्मिक ज्ञानको आवश्यकता रहेको उनले औंल्याए । आध्यात्मको माध्यमबाट स्वयंम आफैलाई सुधार्न सके शान्त र समुन्नत समाज निर्माण हुने थापाको भनाई छ । अरुलाई दोष दिएर समाजमा विकृति, विसंगति पैलिएको भन्दै यसका लागि सबै व्यक्ति सुनि पर्नेमा उनले जोड दिए । नगर प्रमुख थापाले २ दिनको अवधिमा सिकेका कुरालाई दैनिक जीवनमा प्रयोग गर्दै सकारात्मक सौंचका साथ अगाडि बढ्न र आफुले जानेका ज्ञानलाई बाँड्न अनुरोध गरे । उपप्रमुख बालकुमारी थापाले अहिले समाजमा वितृष्णासँगै विकृति विसंगती बढेको भन्दै यसको निराकरणका लागि आध्यात्मिक ज्ञानको आवश्यकता रहेको औंलयाइन् । उनले आध्यात्मिक ज्ञानले मानिसको विचारसँगै जीवन परिवर्तन गर्ने धारणा व्यक्त गरिन् । कार्यक्रममा आचार्य श्री महेन्द्र बशिष्टले जीवन र जगतको बारेमा, आचार्य विवेकले बुद्ध र बुद्धत्व र सुनिता पाण्डेले खानपान र जीवन शैलीको बारेमा ज्ञान प्रदान गरेको योजना शाखा प्रमुख विक्रम बस्नेतले बताए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## अपाङ्गता दिवस र यसको सार्थकता

आज ३३ औँ अन्तर्राष्ट्रिय अपाङ्गता दिवस, नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । सन् १९९२ बाट हरेक वर्ष डिसेम्बर ३ तारिखमा यो दिवस मनाउने गरिएको छ । अपाङ्गता भएका व्यात्तिहरुलाई उनीहरूको हक अधिकारको सुनिश्चितता गर्न, जनमानसमा चेतना फैलाउन, उनीहरूको पहिचान, आत्मसम्मान र स्वाभिमानलाई विश्वभर उठाउन यो दिवस मनाउन थालिएको हो । विश्वभर अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रवर्द्धन गर्ने उद्देश्यले सन् १९७६ मा संयुक्त राष्ट्र संघले सन् १९८१ लाई “पूर्ण सहभागिता र समता” भन्ने मूल नाराका साथ अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय वर्षको रूपमा मनाउने घोषणा गरेको थियो ।

सन् १९८३ मा राष्ट्र संघले अपाङ्गता भएका व्यक्तिहरूको अवसर समानीकरण, पुर्नस्थापना र रोकथाममा जोड दिँदै अपाङ्गता सम्बन्धी १० वर्षे विश्व कार्य योजना पारित गरी लागू गऱ्यो र यसलाई विश्वभर प्रभावकारी रूपमा कार्यान्वयन गराउन सन् १९८३ देखि १९९२ सम्मको अवधिलाई अन्तर्राष्ट्रिय अपाङ्गता दशकको रूपमा घोषणा गरियो । सन् १९९२ मा उक्त अपाङ्गता सम्बन्धी १० वर्षे विश्व कार्य योजनाको कार्यान्वयन र उपलब्धिहरूको समीक्षा गर्दै सोही वर्षदेखि डिसेम्बर ३ लाई अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवसको रूपमा घोषणा गरी विश्वभर मनाउन थालिएको हो । नेपालले पनि सन् १९९३ देखि हरेक वर्ष विभिन्न कार्यक्रमहरू गरी यो दिवस मनाईंदै आएको छ । तर अपाङ्गता भएका व्यक्तिका पीडा भने ज्यूँकात्यूँ छन् । अपाङ्गता भएका व्यक्तिका लागि काम गर्ने भनेर नेपालमा थुप्रै सरकारी तथा गैरसरकारी संघ संस्थाहरु सक्रिय भए पनि तिनीहरुले प्रभावकारी काम गर्न सकिरहेका छैनन् । ति संस्थाहरुले अपाङ्गता भएका व्यक्तिलाई समुदायमा पुन:स्थापना र परिचालन गर्न धेरै लगानी गरे पनि अपाङ्गता भएका व्यक्तिको अवस्थामा भने खासै परिवर्तन आउन सकेको देखिदैन ।

गाउँसमाजमा अपाङ्ग व्यक्तिहरुको नियति भने बिल्कुलै फरक छ । उनीहरुलाई अझै पनि पारिवारिक बोझका रुपमा तिरस्कार गरिएका र दाम्लो/सिक्रीले बाँधेर पशुवत् व्यवहार गरिएका उदाहरणहरु प्रशस्तै भेटिन्छन् । अपाङ्गतासम्बन्धी जेजति गतिविधि भइरहेका छन्, त्यो पर्याप्त छैन । यसर्थ समाजमा अपाङ्गता भएका व्यक्तिहरुले भोग्नुपरेका यावत् समस्या सम्बोधन नहुँदासम्म यो दिवस मनाउनुले सार्थकता प्राप्त गर्न सक्दैन ।

### Opinion @ Social Network

जसरी रातले चन्द्रमालाई चम्किन सिकाउँछ
त्यसैगरी दुख र संघर्षले जिन्दगीलाई बुझ्न सिकाउँछ ।
(सोना थापाको फेसबुक स्टाटस https://www.facebook.com/Sona.Thapa)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बालबालिकामा जलवायु परिवर्तनको असर



डा. पुष्पराज पन्त

अजरबैजानको बाकुमा सम्पन्न जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि (यूएनएफसीसीसी) का पक्ष राष्ट्रहरूको २९औं सम्मेलन (कोप-२९) को निष्कर्षलाई प्रसिद्ध सञ्चारमाध्यम ‘द गार्डियन’ले ‘न्यायको भद्दा मजाक’ ( ट्राभेस्टी अफ् जस्टिस)को संज्ञा दिएको छ । किनभने निर्धारित समयभन्दा एक दिन ढिलो गरी सम्पन्न सो सम्मेलन नाटकीय रुपमा अन्त्य भएको थियो । जलवायु संकटका प्रभावसँग जुध्नका लागि धनी देशहरूले विकासशील राष्ट्रहरूलाई प्रति वर्ष एक खर्ब डलर प्रदान गर्नुपर्ने आग्रह गरिएकामा अन्तिम क्षणमा धनी राष्ट्रहरूले प्रतिवर्ष जम्मा ३०० अर्ब डलरको प्रतिबद्धता जनाए । कार्बन उत्सर्जनलाई जलवायु परिवर्तनको कारक मानिन्छ । उच्च औद्योगिकीकरण भएका प्रमुख राष्ट्रहरूले यस सम्मेलनलाई उपेक्षित बनाएको खबर पनि सार्वजनिक भएका थिए । विश्वभर बढिरहेको जलवायुजन्य संकटले संसारको हरेक व्यक्ति कुनै न कुनै प्रकारले प्रभावित भइरहेको हुन्छ । जलवायुजन्य समस्या समाधान गर्न सबै एकजुट हुनुपर्नेछ । विभाजित भएर जलवायुजन्य समस्या समाधान गर्न सहज छैन । यस विषयलाई लिएर शक्ति राष्ट्रहरू, विकासशील राष्ट्रहरू, समुद्र तटीय राष्ट्रहरू एवं हिमालय क्षेत्रका राष्ट्रहरूका आ-आफ्नै तर्क र समस्या छन् । जसको न्यायसंगत समाधान खोज्नु आजको चुनौती छँदै छ । विश्वभरि नै जलवायु परिवर्तनको सबैभन्दा बढी चपेटामा बालबालिका छन् ।

**बाल स्वास्थ्यमा असर :** बालबालिकाले आफ्नो अस्तित्वको पहिलो सास लिन सुरु गर्नु अघिदेखि नै उनीहरूलाई वातावरणले असर पुऱ्याइसकेको हुन्छ । बालबालिकाको विकासशील मस्तिष्क, फोक्सो र प्रतिरक्षा प्रणालीको बनावट निकै संवेदनशील छन्, जसलाई वातावरणीय प्रदूषणले असर गर्छन् । यस समस्याको आकार र दायरा चिन्ताजनक विषय बनेको छ । हाल जलवायु र वातावरणीय संकटहरूको उच्च जोखिम सामना गरिरहेका देशहरूमा बसोबास गर्ने बालबालिकाको संख्या लगभग एक अर्ब छ, जुन संसारका बालबालिकाको लगभग आधा अंश हो । वायु प्रदूषण पाँच वर्षमुनिका बालबालिकाको मृत्युका लागि दोस्रो प्रमुख जोखिमको कारकका रूपमा रहेको छ । विश्वव्यापी तापमान वृद्धिले समुद्रको सतहमा वृद्धि भइरहेको छ । जुन टापु राष्ट्रहरूका लागि खतराजन्य हो । यस्तै, गर्मीको लहर, वन डढेलो, खडेरी, उष्णीय आँधी र जैविक विविधताको ह्रासजस्ता समस्याले थप खतरा सिर्जना गर्दै छन् । यी सबैका कारण संसारमा थोरै मात्र बालबालिकाले बढ्दो जलवायु र वातावरणीय जोखिमबाट मुक्त जीवन बाँच्न पाएका छन् । र्यावरणीय ह्रास र प्रणालीगत परिवर्तनहरूले पनि मानिस र वातावरणबिच नयाँ अन्तर्क्रिया सिर्जना गर्दै छन् । यस परिवर्तनको असर मानिसको स्वास्थ्य, प्रतिरक्षा प्रणाली र कृषि उत्पादनमा परिरहेको छ । बालबालिकालाई जलवायु र पारिस्थितिकीय संकटहरूबाट जोगाउन असफल हुनु भनेको उनीहरूका लागि संयुक्त राष्ट्र संघको बाल अधिकार समितिले ‘सामान्य टिप्पणी २६’ मा स्पष्ट रूपमा जनाएका अधिकारको उल्लैन हो । समितिले जलवायु र वातावरणीय खतराहरूलाई ‘बालबालिकाको अधिकारका लागि तात्कालिक र प्रणालीगत खतरा’का रूपमा पहिचान गरेको छ । सफा, स्वस्थ र दिगो वातावरणमा बसोबास गर्न पाउने बालबालिकाको अधिकार हो । जलवायु परिवर्तन र वातावरणीय संकटहरू, जैविक विविधताको ह्रास र व्यापक प्रदूषणको संयुक्त प्रभावले बालबालिकाको जीवनमा गहिरो प्रभाव पार्छ । जलवायुजन्य प्रभावका कारण स्वास्थ्य र शिक्षामा परेको प्रभाव, विस्थापित हुनुपरेको अवस्थालाई त आँखाले देख्न सकिन्छ । कतिपय मनोवैज्ञानिक, सामाजिक तथा सांस्कृतिक प्रभावलाई आँखाले देख्न सकिँदैन । जलवायु परिवर्तनले बालबालिकालाई रोगको थप जोखिममा पुऱ्याउँछ । उदाहरणका लागि– बढ्दो औसत तापक्रमले लामखुट्टेको संख्यामा वृद्धि गराएको छ र लामखुट्टेले सार्ने रोग ( डेंगु, जिका, वेस्ट नाइल भाइरस आदि)को जोखिम बढाएको छ । पहिले यी रोगको प्रभाव नपरेका स्थानका बालबालिका समेत अहिले यिनको चपेटामा छन् । जस कारण उनीहरूको स्वास्थ्यदेखि शिक्षा, मानसिक अवस्थामा पनि असर गरिरहेको छ । प्रख्यात जर्नल ‘नेचर कम्युनिकेसन्स’मा यसै वर्ष प्रकाशित एक अध्ययन अनुसार यस शताब्दीको पहिलो दुई दशकमा प्रति एक लाख नवजात शिशुमध्ये ३० जनाको मृत्यु जलवायु परिवर्तनका कारण भएको देखिएको छ । विश्वका ३० देशमा गरिएको यस अध्ययनमा नेपालको तथ्यांक पनि उल्लेख गरिएको छ, जस अनुसार नेपालमा प्रति एक लाख नवजात शिशुको मृत्यु हुँदा १० जनाको मृत्युको कारण जलवायु परिवर्तन देखिएको छ । प्रदूषित पानीको प्रयोग पाँच वर्ष मुनिका बालबालिकाको मृत्युको मुख्य कारण हो । जलवायु परिवर्तनका कारण स्वच्छ पानीमा बालबालिकाको पहुँच कम हुँदै गएको छ । बाढीको पानीले पूर्वाधारलाई नष्ट गर्न सक्छ, जसले पानी आपूर्ति प्रणालीमा प्रदूषण ल्याउँछ र पानीजन्य रोगहरूको प्रकोपमा वृद्धि गर्दछ । चरम प्रतिकूल मौसमले बालबालिकाको विविध अवस्था लगायत स्वस्थ आहारको पहुँचमा सिधा असर पुऱ्याउँछ । आहारको विविधता र खाद्य अभावका कारण बालबालिका र गर्भवती महिलामा कुपोषणसम्बन्धी रोगको उच्च जोखिम रहन सक्छ । यसले बाल विकासमा नकारात्मक परिणाम ल्याउँछ । जलवायु संकट बढ्दै गएका कारण खाद्य सुरक्षा संकट अझ बढ्ने भविष्यवाणी गरिएको छ । वायु प्रदूषण बालबालिकाका लागि विशेष रूपले हानिकारक छ र यसको प्रभाव जीवनभर कायम रहन सक्छ । वायु प्रदूषणका कारण फोक्सोसँग सम्बन्धित रोग लाग्ने, क्यान्सरको जोखिम बढ्ने र स्नायु वा न्युरोलोजिकल विकारहरू तथा बाल्यकालको मोटोपन बढ्ने अनुसन्धानले देखाएका छन् । स्वास्थ्य समस्यालाई कतिपय अवस्थामा संक्रामक सूक्ष्मजीवको संक्रमण र तिनको असरहरूमा सीमित भएर बुझ्ने गरिन्छ, जुन गलत हो । जलवायु परिवर्तनका असरले हुने असामान्य घटनाहरूबाट बालबालिका लगायतलाई शरीरमा चोटपटक लाग्न सक्छ । जलवायु परिवर्तनका कारण हुने बाढी-पहिरो, आँधी-तुफान, डढेलो आदिको चपेटामा पर्ने बालबालिकाको मृत्यु हुनुका साथै शरीरमा चोटपटक पनि लाग्न सक्छ ।

**मानसिक असर:** चरम प्रतिकूल मौसमी घटनाहरूले मानसिक स्वास्थ्यमा पनि उथलपुथल गर्न सक्छ । बाल्यकालमा चरम प्रतिकूल मौसमी घटनाहरूको सामना गर्नु उनीहरूका लागि अत्यधिक पीडाजनक हुन सक्छ । बालबालिकाहरू प्राय: यी परिस्थितिहरूमा कुनै निर्णय गर्ने अधिकार नभएको अनुभव गर्छन्, जसले सम्भावित मानसिक पीडालाई थप बिगार्ने र अझ तीव्र बनाउने गर्छ ।

यस्तो बेला अभिभावक, शिक्षक वा हेरचाह गर्ने व्यक्तिहरूले बालबालिकाको तर्फबाट निर्णय गर्छन् । त्यसैले जलवायु प्रभाव सामना गर्दा उनीहरूमा असहायपनको भावना बढाउँछ । अत्यधिक गर्मी, आँधी-तुफान, बाढी र भूकम्पलाई विशेष गरी मानसिक स्वास्थ्यका विभिन्न समस्यासँग जोडिएको छ, जसमा पोस्ट-ट्रमेटिक स्ट्रेस डिसर्डर वा मानसिक अवसाद पनि समावेश छन् ।

**शिक्षामा पार्ने प्रभाव :** जलवायु आघातहरूले बालबालिकाको उपस्थितिलाई प्रभावित गर्दै सिकाइमा बाधा पुऱ्याउँछन् । अधिकांश अवस्थामा जलवायु संकटहरूले रोग फैलाउँछ वा बालबालिकाको दैनिक जीवनमा बाध्यकारी परिवर्तन ल्याउँछ । संसारभरका ४० करोडभन्दा बढी विद्यार्थीले सन् २०२२ देखि चरम प्रतिकूल मौसमका कारण विद्यालय बन्द हुनुपर्ने स्थितिको सामना गरेका छन् । भारत, पाकिस्तान र दक्षिण सुडानमा अत्यधिक गर्मीबाट विद्यालय बन्द हुनुपरेको अवस्था छ । संयुक्त राज्य अमेरिकामा वन डढेलो, मलावीमा आँधीचक्र र फिलिपिन्समा बाढीजस्ता जलवायु संकटले बालबालिकाको शिक्षालाई असर गरिरहेको छ । नेपालमा पनि यसै वर्ष (२०८१)को जेठ र असारमा अत्यधिक गर्मीका कारण विद्यालय बन्द गर्नुपरेको थियो भने यसै वर्ष असोजमा भएको अत्यधिक वर्षाले विद्यालयहरूमा पुऱ्याएको क्षतिका कारण अझै पनि धेरै स्थानमा पठनपाठन सहज बनाउन सकिएको छैन । जलवायु संकटका कारण बालबालिकाहरू आफ्ना घर र वासस्थानबाट पलायन वा विस्थापन समेत भइरहेका छन् । विश्व बैंकले पनि हालै जलवायु परिवर्तनका कारण हुने शैक्षिक प्रभावलाई ‘आर्थिक टाइम बम’का रूपमा वर्णन गरेको छ । यस बमलाई बेअसर पार्नका लागि एक प्रमुख उपाय हो, शिक्षा । विशेष गरी जलवायु शिक्षामाथि जोड दिनु हो । बालबालिकालार्य जलवायु परिवर्तनबारे बुझाइनुपर्छ । विडम्बना के छ भने, संसारभरिका बालबालिका र युवाले जलवायु परिवर्तनका बारेमा आफूहरूको ज्ञान अपर्याप्त भएको महसुस गर्छन् र यसको प्रभावको सामना गर्नका लागि आफूलाई तयार रहेको महसुस गर्दैनन् । युनिसेफ-ग्यालअपको सर्वेक्षणका अनुसार, औसतमा १५-२४ वर्षका ८५ प्रतिशत युवाले जलवायु परिवर्तनका बारेमा सुनेका छन् तर तीमध्ये केवल ५० प्रतिशतमा मात्रै यस अवधारणाको सही परिभाषाको ज्ञान रहेको पाइएको थियो । निम्नमध्यम र न्यून आय भएका देश, जहाँ जलवायु परिवर्तनको सबैभन्दा बढी जोखिम छ, त्यहाँका युवामा जलवायु परिवर्तनको ज्ञान सबैभन्दा कम पाइन्छ । जलवायु संकटबारे बुझ्ने बालबालिकाको अधिकारको रक्षा गर्न र यसको समाधानमा उनीहरूलाई पनि सहभागी गराउन रणनीतिक लगानी आवश्यक छ । निम्नमध्यम र न्यून आय भएका देशहरूका विद्यालयहरूको राष्ट्रिय पाठ्यक्रममा थप संरचनाको व्यवस्था गरेर जलवायु परिवर्तनलाई सम्बोधन गर्न सकिन्छ । नेपालमा स्थानीय तहहरूमार्फत स्थानीय स्तरमा उपयोगी हुने गरी जलवायु परिवर्तनका प्रभाव र असरबारेको शिक्षा पाठ्यक्रममा राख्न सकिन्छ । स्थानीय स्रोत एवं सीपको उपयोग गरी जलवायु परिवर्तनका असर घटाउनका लागि लगानी गर्नु पनि जरुरी छ ।

**बालबालिका विस्थापन :** बालबालिकाहरू आफ्नो घर वा आवासबाट विस्थापन हुनुपर्ने अवस्थासँग जलवायु र वातावरणीय संकट जोडिएका छन् । विस्थापन, चाहे छोटो समयको होस् या दीर्घकालिक, त्यसले जलवायु र वातावरणीय संकटबाट उत्पन्न खतराहरूलाई अझ बढावा दिन सक्छ । युनिसेफको प्रतिवेदनले सन् २०५० को दशकमा सन् २००० को दशकको तुलनामा विश्वका धेरै बालबालिकाले चरम जलवायुजन्य समस्याको सामना गर्ने प्रक्षेपण गरेको छ । यस प्रतिवेदन अनुसार, आजको तुलनामा सन् २०५० मा करिब आठ गुणाभन्दा बढी बालबालिकाले अत्यधिक ताप लहरको सामना गर्नुपर्नेछ । खासगरी नदीजन्य ठुला बाढीहरू, विशाल डढेलो, चरम खडेरी र कडा उष्णीय चक्रवातहरूको सामना बालबालिकाले गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ । विश्व मानचित्रमा जलवायु परिवर्तनका प्रभाव रोक्न भइरहेको वैचारिक द्वन्द्वका बिच नेपालले यसका लागि अपनाएको रणनीतिक कार्यान्वयनको अवस्था हेर्दा हाम्रा आगामी पुस्ताले भोग्नुपर्ने जलवायु समस्या हामीले कल्पना गरेभन्दा र हाम्रो वर्तमान क्षमताभन्दा निकै ठुला हुनेछन् भन्नेमा दुईमत नहोला ।

*-रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रेटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयूकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०७९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

- **मेष** : समाजसेवामा मन लाग्नेछ । आकस्मिक धन लाभ हुनसक्छ ।
- **वृष** : प्रेमसम्बन्ध र प्रणयप्रसङ्का लागिपनि श्रेष्ठ समय रहेको छ ।
- **मिथुन** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । शुभ समाचार सुन्न पाइएला।
- **कर्कट** : राज्यबाट मान सम्मान पाइनेछ । साथीबाट सहयोग पाइनेछ ।
- **सिंह** : नसोचेको ठाउँबाट धनागम हुनेछ । विशिष्ट व्यक्तिको साथ पाइनेछ ।
- **कन्या** : भाग्यले विभिन्न अवसर जुराउनेछ । शिक्षामा सफलता पाइनेछ ।
- **तुला** : न्यायिक र प्रशासनिक कार्यमा सफलता मिल्नेछ ।
- **वृश्चिक** : नयाँ कार्यको चर्चा चल्नेछ । राजनीतिक क्षेत्रमा मन लाग्नेछ ।
- **धनु** : नयाँ वस्त्र प्राप्ति हुनेछ । साँझमा नरमाइलो समाचार सुनिएला ।
- **मकर** : कर्तव्य तथा समाजसेवामा मन लाग्नेछ । जोशजाँगर उच्च रहनेछ ।
- **कुम्भ** : आज यात्रा नगरेकै जाती हुन्छ । महत्वपूर्ण अवसर गुम्न सक्नेछ ।
- **मीन** : दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ, तर स्वास्थ्यको ख्याल गर्नु पर्छ ।

# विज्ञान/सूचना प्रविधि

## आइफोनका लागि च्याट जिपिटी सर्चको नयाँ सुविधा

आर्टिफिसियल इन्टेलिजेन्स च्याट प्लाटफर्म च्याट जिपिटीले आइफोन तथा आइप्याड प्रयोगकर्ताका लागि नयाँ सर्टकट टूल जारी गरेको छ । योसँगै अब आइओएस तथा आइप्याडओस एपमा च्याट जिपिटीको प्रयोग झनै सहज बन्नेछ । ओपन एआईले सर्च जिपिटी अर्थात् च्याट जिपिटी सर्च फिचर गत महिनामात्रै लञ्च गरेको थियो । अहिले कम्पनीले सोही सर्च जिपिटीको सर्टकट रिलिज गरेको हो । यद्यपि सर्च जिपिटी अहिले केवल सशुल्क प्रयोगकर्ताका लागि मात्रै उपलब्ध छ ।



**सर्च जिपिटी सर्टकट कसरी थप्ने ?**

आइफोन तथा आइप्याड प्रयोगकर्ताले यो सर्टकट जोड्नका लागि Apple Shortcuts एप खोल्नुहोस् । यदि तपाईंको डिभाइसमा च्याट जिपिटी एप इन्स्टल गरिएको छ भने सर्टकटको सूचीमा सर्च जिपिटीको विकल्प देखिनेछ । त्यसलाई होमस्किनमा राख्नका लागि Open SearchGPT ljsNk छान्नुहोस् उक्त सर्टकट सिरीको माध्यमबाट पनि सक्रिय गराउन सकिन्छ र यसका लागि तपाईंको डिभाइसमा आइओएस १८.१ अपडेट हुनुपर्नेछ । यसले ओपन एआईको नेभिगेसन सर्च इन्जिनको प्रयोग गरेर वेब ब्राउजिङको सुविधा दिन्छ । साथै यसले प्रयोगकर्ताद्धारा सोधिएका च्याट जिपिटीको ज्ञानआधार भन्दा बाहिरका प्रश्नहरुको पनि जवाफ दिनसक्छ । च्याट जिपिटीले आफ्ना उत्तरसँगै त्यसमा प्रयुक्त वेबपेजहरुको लिंक पनि देखाउँछ ताकि प्रयोगकर्ताको जानकारीलाई सत्यापित गर्न सकियोस् ।

**सर्च जिपिटीको प्रयोग कसरी गर्ने ?**

आमरुपमा च्याट जिपिटीमा तभहत ष्भमि भन्दा तल रहेको ग्लोबको आइकनमा ट्याप गरेर उक्त फिचरलाई सक्रिय बनाउन सकिन्छ । सर्टकट आइकनले प्रयोगकर्ताका लागि उक्त प्रक्रियालाई अझै सहज बनाइदिन्छ । जसै एप खुल्दछ यसले वेब सर्च अप्सनलाई स्वचालित रुपमा सक्रिय बनाइदिन्छ ।

**सर्च जिपिटीको महत्व**

ओपन एआईले यो फिचरलाई अक्टोबरमा पेश गरेको थियो । यसलाई वेबमा उत्कृष्ट तरिकाले जानकारीको खोजी गर्ने टूलको रुपमा प्रस्तुत गरिएको छ । यसले च्याट जिपिटीका सीमाहरुलाई कम गर्नेमात्र होइन प्रयोगकर्तालाई सटीक तथा प्रमाणित जानकारीसम्म पुग्न पनि मद्दत गर्दछ ।

आइफोन तथा आइप्याड प्रयोगकर्ताका लागि यो निकै उपयोगी तथा महत्वपूर्ण अपडेट हो, जसले च्याट जिपिटीलाई थप सुविधाजनक तथा शक्तिशाली बनाएको छ ।

*-अनलाइन खबर डटकम*

## जापानी कम्पनीले ल्यायो मान्छे धुने मेसिन




जापानको ओसाकास्थित बाथटब तथा शावरहेड बनाउने कम्पनीले मान्छे धुने मेसिन बनाएको छ । साइन्स कम्पनीले मिराई निन्गेन सेन्ताकुकी अर्थात् मान्छे धुने मेशिन बनाएको छ । सन् १९७० को ओसाका कान्साई एक्पोमा जापानी प्रविधि कम्पनी सान्यो इलेक्ट्रिक कम्पनी (अहिलेको पानासोनिक होल्डिङ्स कर्पोरेसन)ले विश्वको पहिलो मान्छे धुने मेशिन सार्वजनिक गरेको थियो । अन्डाकार र बबल प्रविधियुक्त यो यन्त्रले त्यतिबेला मान्छेको ध्यान निकै खिचेको थियो । यही मेशिन हेर्न कम्पनीको बुथमा मान्छेको ओइरो लागेको थियो । यहि भिडमा थिए चार कक्षामा पढ्ने यासुआकी आयोयामा । अहिले यिनै आयोयामा साइन्स कम्पनीका अध्यक्ष बनेका छन् । उनको कम्पनीले बाथटब र शावरहेड बनाउने गरेको छ । यही वर्ष आयोयामाले मान्छे धुने अत्याधुनिक मेशिन लञ्च गर्ने तयारी गरिरहेका छन् । सन् १९७० को एक्सपोको 'लेगासी' को रुपमा आफूहरूले नयाँ मेशिन ल्याउन लागेको हालै पत्रकारहरू समक्ष बोल्ने क्रममा आयोयामाले भनेका थिए । मेशिनको अपडेटेड मोडल सन् २०२५ को अप्रिलमा हुने ओसाका कान्साई एक्सपोमा प्रदर्शनमा राखिने पनि उनले बताएका छन् । सन् १९७० को ह्युमन वाशिङ मेशिनमा प्रयोगकर्तालाई सफा पारिदिन ठूलो एयर बबल निकाल्न र उनीहरुको मसाजका लागि प्लास्टिक बल निकाल्न अल्ट्रासाउन्डको प्रयोग गरिएको थियो । अहिले कम्पनीले बनाउन लागेको मेशिनमा भने साना, माइक्रोस्कोपिक एयर बबल प्रयोग गरिएको छ । यसमा सही तापमान कायम राख्नका लागि प्रयोगकर्ताको नाडीको चाल र अन्य डेटा मापन गर्न विशेष सेन्सर जडान गरिएको छ ।

यसमा भएको एआई सिस्टमले प्रयोगकर्ता शान्त छ वा आत्तिएको वा रोमाञ्चित छ भन्ने निर्धारण गर्न सक्ने बताएको छ । कम्पनीले बनाएको ह्युमन वाशिङ मेशिनले कसरी काम गर्छ भनेर हेर्न बाँकी नै छ । आगामी वर्षको ओसाका एक्सपोमा प्रदर्शनको समयमा यो मेशिनबाट हजार जनासम्मलाई नुहाउन दिइने आशा कम्पनीले गरेको आयोयामाले भनेका छन् ।

*-रातोपाटी डटकम*

## भोयजर-१ अन्तरिक्ष यान २४ अर्ब टाढा पुग्यो

पृथ्वीबाट सबैभन्दा टाढा पुग्न सबल मानव निर्मित वस्तु भोयजर-१ अन्तरिक्ष यान २४ अर्ब ८५ करोड किलोमिटरभन्दा टाढा पुगेको छ । बाहिरी सौर्यमण्डलको अन्वेषण गर्न अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले सन् २०७७ को सेप्टेम्बर ५ मा यसको प्रक्षेपण गरेको थियो । हाल भोयजर-१ प्रक्षेपण भएको ४७ वर्ष दुई महिना २१ दिन नाघेको छ । अझै यो यान निरन्तर यात्रामा छ । यसको गति प्रतिघण्टा ६१ हजार किलोमिटरभन्दा बढी छ । भोयजर-१ बाट पृथ्वीसम्म प्रकाश आइपुग्न लाग्ने समय अथवा प्रकाशको गतिका आधारमा यो यान २३ घण्टा दुई मिनेट टाढा पुगेको छ । भोयजर-१ ले सन् १९७९ को मार्च ८ मा बृहस्पति ग्रहको चन्द्रमामा सक्रिय ज्वालामुखी पत्ता लगाएको थियो । पृथ्वीपरको आकाशीय पीण्डमा ज्वालामुखी पत्ता लागेको यो नै पहिलोपटक थियो । बृहस्पति ग्रहको वरिपरी गोला घेरा वा रिङ रहेको पत्ता लगाउने पनि भोयजर-१ नै थियो । बृहस्पति र शनि ग्रहबारे विभिन्न जानकारी पत्ता लाग्नुका साथै भोयजर-१ सन् २०१२ मा इन्टरनस्टेलर स्पेसमा प्रवेश गरेको थियो । वैज्ञानिकहरूले त्यसपछि सूर्यको प्रभावभन्दा परको आकाशबारे अध्ययन गर्ने मौका पाएका थिए । इन्टरस्टेलर स्पेस आकाशगंगामा रहेको तारा ( सूर्यजस्तै)हरूबीचको क्षेत्र हो जुन, ग्यास, धुलो र ब्रह्माण्डीय किरणले भरिएको छ । यसबाहेक भोयजर-१ ले इन्टरस्टेलर स्पेसको चुम्बकीय क्षेत्र र कस्मिक किरणसम्बन्धी जानकारी पनि पृथ्वीमा उपलब्ध गराएको छ । रोचक कुरा के छ भने, भोयजर-१ मा दुई वटा सुनले लेपन गरिएका फोनोग्राफ छन् । जसमा पृथ्वीका तस्बिर, आवाज र संगीत राखिएको छ । पृथ्वीभन्दा परको कुनै सभ्यताले यो फेला पारेमा थाहा पाउँलान् भन्ने आशाका साथ उक्त विवरण भोयजर-१ मा राखिएको हो । भोयजर-१ भन्दाअघि सन् १९७७ कै अगस्ट २० मा प्रक्षेपण गरिएको भोयजर २ भने पृथ्वीबाट २० अर्ब ७६ करोड किलोमिटर टाढा पुगेको छ । भोयजर-१ लाई तीव्र ट्र्याजेक्टोरीमा प्रक्षेपण गरिएका कारण भोयजर २ भन्दा उच्च गतिमा टाढा पुग्न सकेको हो । भोयजर २ को गति करिब ५५ हजार किलोमिटर प्रतिघण्टा छ । प्रकाशको गतिका आधारमा पृथ्वीभन्दा यो १४ घण्टा १४ मिनेट टाढा छ । नासाले भोयजर-१ सन् २०३६ सम्म डिप स्पेस नेटवर्कसँग प्राविधक रूपमा सम्पर्कमा रहनसक्ने जनाएको छ ।




*-बाह्रखरी डटकम*

## वृहस्पति र शनि ग्रहको हिउँमुनि समुद्रमा डुब्ने रोबोट बनायो नासाले

नासाले आफ्नो अन्तरिक्ष अभियानका लागि पानीमुनि पौडी खेल्ने रोबोट विकास गरेको छ। यी रोबोटहरू बृहस्पति र शनि ग्रहको चन्द्रमामा जानेछन् र हिउँमुनि दबिएको समुन्द्रमा डुब्नेछन् । यी रोबोटहरूले बृहस्पतिको चन्द्रमा युरोपा र शनिको चन्द्रमा एन्सेलाडसको भ्रमण गरेर पानीमुनि अन्वेषण गर्नेछन् । यी कन्सेप्ट रोबोटहरू नासाको जेट प्रोपल्सन प्रयोगशालाले तयार पारेका हुन् । यी भविष्यका रोबोट हुन्, जसले अन्तरिक्षमा कठिन वातावरणमा पनि काम गर्न सक्छन ।



यी रोबोटहरूले नासाको पृथ्वी बाहिर जीवनको सम्भावनाको खोजीमा ठूलो भूमिका खेल्ने छन्। वास्तवमा नासालाई बृहस्पतिको चन्द्रमा युरोपा र शनिको चन्द्रमा एन्सेलाडसमा धेरै चासो छ । नासाले यसअघि नै युरोपा क्लिपर मिसन पठाइसकेको छ । नासाको जेट प्रोपल्सन प्रयोगशालाले यसलाई सेन्सिङ विथ इन्डिपेन्डेन्ट माइक्रो स्विमर्स नाम दिएको छ। यो १६.५ इन्चको रोबोट करिब २ किलोग्राम भारी छ । पोखरीमा पनि यसको परीक्षण गरिएको छ । अवधारणा पछि वास्तविक रोबोट तयार हुँदा, यो केवल १२ सेन्टिमिटर अग्लो हुनेछ । नासाले यस्ता धेरै रोबोट बनाउने योजना बनाएको छ । यी रोबोटले त्यहाँको समुन्द्रमा अवतरण गरी अनुसन्धान गर्नेछन् । तिनीहरूको तापक्रम र रासायनिक संरचना पत्ता लगाउनेछ । जुन चन्द्रमामा नासाले पठाउन लागेको छ । त्यहाँ बाक्लो हिउँ छ । भनिन्छ कि यो बरफ मुनि पूरै महासागर छ। यी रोबोटहरू विशेष रूपमा यो कामको लागि डिजाइन गरिएको हो। नासा जेपीएलले आफ्नो परीक्षणको भिडियो पनि शेयर गरेको छ । यी रोबोटमा सञ्चार र जीपीएस प्रणाली पनि हुनेछ । जसको सहयोगमा उनीहरु पानीमा नेभिगेट गर्न सक्नेछन् । समुद्रको रासायनिक संरचना थाहा पाउनका लागि उनीहरूलाई विशेष उपकरण जडान गरिनेछ । तर, यो एउटा कन्सेप्ट मात्र भएको र प्रोटोटाइपको रूपमा परीक्षण गरिएको कम्पनीले जनाएको छ । यी निर्माण गर्न, कोष र विकास स्वीकृति अझै आवश्यक छ । बाहिरी सौर्यमण्डलमा युरोपा, एन्सेलाडस, टाइटन र एरियल जस्ता चन्द्रमाहरूमा पानीको सङ्केत रहेको नासाको विश्वास छ, जसले यहाँ जीवन सम्भव हुनसक्छ भन्ने सङ्केत गर्छ ।

*-हाम्रा कुरा डटकम*

# गुल्मीको मुसिकोट-१ मा कांग्रेसका श्रेष्ठ विजयी



**गुल्मी,** मंसिर १७/गुल्मीको मुसिकोट नगरपालिका-१ को वडा अध्यक्षमा नेपाली काँग्रेसका आनन्द श्रेष्ठ विजयी भएका छन् । आइतबार सम्पन्न उपनिर्वाचनमा श्रेष्ठले एक हजार एक सय ८४ मत प्राप्त गर्दै उनी विजयी भएको मुख्य निर्वाचन अधिकृत युवराज गौतमले जानकारी दिए ।

उनका अनुसार श्रेष्ठका निकटतम प्रतिस्पर्धी नेकपा (एमाले) का दलबहादुर थापाले नौ सय ३० मत प्राप्त गरे । साथै नेकपा (माओवादी केन्द्र)का दुर्गाबहादुर विकले एक सय ४३, राष्ट्रिय स्वतन्त्र पार्टीका विकास थापाले ४३ र राष्ट्रिय प्रजातन्त्र पार्टीका ईश्वरी खातीले पाँच मत प्राप्त गरे । मुसिकोट नगरपालिका-१ मा चार हजार ९१ मतदातामध्ये दुई हजार तीन सय ३४ जनाले मतदान गरेका थिए ।

तीन मतदानस्थल एवं पाँच वटा मतदान केन्द्र रहेको उक्त वडामा नेपाल राष्ट्रिय सर्वोदय माविको अमराई मतदान केन्द्रमा एक हजार नौ सय ४५, सरस्वती मावि मतदान केन्द्रमा एक हजार दुई सय ९७ र जनज्योति मावि केन्द्र अरेबामा आठ सय ४९ मत खसेको जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकृत रिषीराम घिमिरेले जानकारी दिए । वडाध्यक्ष पदका लागि आठ जनाको मनोनयन दर्ता भएको थियो । मुसिकोट-१ मा तत्कालीन वडाध्यक्ष मोहन घिमिरेको निधन भएपछि यहाँ उपनिर्वाचन भएको हो ।*-रासस*

# आज अन्तर्राष्ट्रिय अपाङ्गता दिवस मनाइँदै



**पाल्पा,** मंसिर १७/आज ३ डिसेम्बर अर्थात् ३३ औँ अन्तर्राष्ट्रिय अपाङ्गता दिवस । नेपालसहित विश्वभर विभिन्न कार्यक्रमहरुको आयोजना गर्दै यो दिवश मनाइँदैछ । संयुक्त राष्ट्रसंघको पहलमा विश्वभर हरेक डिसेम्बर ३ मा अन्तर्राष्ट्रिय अपाङ्गता दिवस मनाइन्छ । सन् १९९२ देखि अन्तर्राष्ट्रिय अपाङ्गता दिवस मनाउन थालिएको हो भने नेपालमा भने सन् १९९३ देखि यो दिवश मनाउन थालिएको हो ।

संयुक्त राष्ट्र संघले अपाङ्गता भएका व्यक्तिहरुको हक, हित र अधिकार प्राप्तिका लागि अन्तर्राष्ट्रिय रुपमै अपाङ्ग दिवस मनाउँदै आइरहेको छ । नेपालमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय अपाङ्ग महासंघले आज विभिन्न कार्यक्रम गर्दैछन् । 'समावेशी तथा दिगो भविष्यको पूर्वाधार, अपाङ्गता भएका व्यक्तिहरुको प्रवल नेतृत्व यसको आधार' भन्ने राष्ट्रिय नाराका साथ कार्यक्रम गरिदैं छ । अपाङ्गता भएका व्यक्तिहरुले गरेको सकारात्मक र उपलब्धिमूलक कथाहरुलाई पनि आज विश्व समूदायले विभिन्न माध्यम मार्फत् अवलोकन र श्रवण गर्ने गर्दछन् भने अर्कोतर्फ अपाङ्गमैत्री समाज अनि संरचनाका लागि पैरवी पनि गरिन्छ । हरेक सरकार अनि संगठनहरुले अपाङ्गता भएकाहरूलाई प्राथमिकतामा राख्ने अनि समान वातावरण दिने प्रतिवद्धता राखेका हुन्छन् र आज त्यो वाचा गरेका कुराहरू उपलब्धिका रूपमा कति प्राप्त भए वा भएनन् भन्ने समिक्षा पनि आजको दिन गर्ने गरिन्छ । समावेशी र समान समाजको परिकल्पना नै आजको टड्कारो आवश्यक्ता हो । नेपाल सरकार लगायत विभिन्न सरकारी र गैर सरकारी संस्थाहरुले अपाङ्गताका लागि धेरै परियोजना कानुनत: पैरवीहरु गरिरहेका छन् ।

प्रत्येक वर्ष अन्तर्राष्ट्रिय अपाङ्गता दिवस मनाइँदै आए पनि अपाङ्गता भएका व्यक्तिहरूका समस्या भने ज्युँका त्युँ छन् । दिवसले आफूहरूको पीडामा मलहम लगाउन नसकेको उनीहरूको गुनासो छ । अपाङ्गता भएका व्यक्तिले भोगिरहेका भौतिक, दृष्टिकोणजन्य, कानुनी र सुधारमा रहेका अवरोधलाई न्यूनीकरण गर्दै सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि राज्यको सेवा सुविधामा सरल र सहज पहुँचयुक्त वातावरण निर्माण गर्नु आजको आवश्यकता रहेको सरोकारावालाहरुले बताउने गरेका छन् ।

## खेलकुद समाचार

# जनकपुर बोल्ट्सको लगातार दोस्रो जीत



**काठमाडौं,** मंसिर १७/नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा जनकपुर बोल्ट्सले लगातार दोस्रो जीत हासिल गरेको छ ।

सोमबार भएको खेलमा जनकपुरले कर्णाली याक्सलाई ८ विकेटले हरायो । कर्णाली याक्सले दिएको १ सय ४२ रनको लक्ष्य जनकपुरले १५ ओभर १ बलमा मात्र २ विकेट गुमाएर भेटायो । जनकपुरका कप्तान अनिल शाहले नटआउट ६२ रन बनाए । यस्तै आसिफ शेखले ३६ रन जोडे । कर्णालीका मौसम ढकाल र जीशान मक्सूदले १/१ विकेट लिए ।

यसअघि कीर्तिपुरमा टस जितेर ब्याटिङ गरेको कर्णालीले २० ओभरमा ७ विकेट गुमाएर १ सय ४१ रन बनायो । कर्णालीका गुल्सन झाले ३६, अर्जुन घर्तीले ३३, कप्तान सोमपाल कामीले नटआउट २९ रन बनाए । यस्तै भारतीय खेलाडी शिखर धवन १४ रनमा आउट भए । जनकपुरका मोहम्मद मोहसिनले २ विकेट लिए । यसअघि जनकपुरले उद्घाटन खेलमा विराटनगर किङ्गसलाई हराएको थियो ।


**वर्गिकृत डिस्प्ले**


*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से दोहोरो अङ्कले बढ्यो



**पाल्पा,** मंसिर १७/सेयर कारोबार मापक नेप्से परिसूचक सोमबार दोहोरो अंकले बढेको छ । अघिल्ला दुई कारोबार दिन लगातार घटेको नेप्से सोमबार १९ दशमलव ९७ अंकले बढेको हो ।

नेप्से बढेसँगै २ हजार ७ सय ५८ दशमलव ४ विन्दुमा उक्लेको छ । अघिल्लो दिनको तुलनामा यो ० दशमलव ७२ प्रतिशतको वृद्धि हो । सोही दिन तीन सय १४ कम्पनीको दुई करोड ३० लाख ११ हजार तीन सय ६१ कित्ता शेयर एक लाख तीन हजार चार सय ८१ पटक खरिदबिक्री हुँदा १० अर्ब ५४ करोड १७ लाख ४६ हजार पाँच सय ६४ बराबरको कारोबार भएको छ । बैङ्किङ शून्य दशमलव ५९, विकास बङ्क एक दशमलव ७२, वित्त एक दशमलव ९७ र अन्य समूह शून्य दशमलव ३६ प्रतिशतले घटेको छ भने अरू सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै व्यापार समूह नौ दशमलव ७० र होटल तथा पर्यटन समूह चार दशमलव ९९ प्रतिशतले बढेको छ । त्यस्तै, जलविद्युत् शून्य दशमलव ६२, लगानी शून्य दशलमव ६०, जीवन बीमा एक दशमलव ९१, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव १५, लघुवित्त शून्य दशमलव १५, म्युचुअल फन्ड शून्य दशमलव ४१ र निर्जीवन बीमा शून्य दशमलव २० प्रतिशतले बढेको छ ।

तारागाउँ होटल रिजेन्सी लिमिटेड, विशालबजार कम्पनी लिमिटेड र खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्यमा आठ दशमलव ७२ प्रतिशतको गिरावट देखिएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१४६४, ५२१४६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई